नेपाल सरकार
गृह मन्त्रालय

**केन्द्रीय दैवी प्रकोप उद्धार समितिको मिति २०७४।०४।२८ गते वसेको बैठकको निर्णयहरु**

१. विगत केही दिनदेखि भई रहेको अविरल वर्षाका कारण भएको वाढी, पहिरो तथा डुवानबाट मृत्यु भएका मृतकहरुको आत्माको चिर शान्तिको कामना गर्दै यो बैठक हार्दिक समवेदना व्यक्त गर्दछ । यस क्रममा घाईते भएकाहरुको शिघ्र स्वास्थ्य लाभको समेत कामना गर्दछ । साथै मृतकहरुको नजिकको हकदारलाई काजक्रिया खर्च बापतको रकम, घाईतेहरुको उपचारको व्यवस्था तथा प्रभावित परिवारहरुलाई जिल्ला दैवी प्रकोप उद्धार समितिबाट तोकिए बमोजिमको तत्काल राहत उपलब्ध गराउन निर्देशित गर्दछ ।

२. वाढी तथा डुवान प्रभावित क्षेत्रमा जोखिममा रहेका नागरिकहरुलाई खोज, उद्धार तथा राहत कार्यको समन्वय तथा सूचना संकलन एंव विश्लेषण गर्न प्रत्येक जिल्ला प्रशासन कार्यालयमा सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा सबै सुरक्षा निकाय र अन्य निकायका प्रतिनिधीहरु समावेश गरी तत्काल खोज, उद्धार तथा राहत समन्वय टोली गठन गरी कार्य सम्पादन गर्ने गराउने ।

३. गृह मन्त्रालय अन्तर्गत आपतकालीन गोदाम घरहरुमा रहेका सामग्रीहरु लाई आवश्यकता अनुसार छिटो माध्यमद्वार प्रभावित क्षेत्रमा ढुवानी गरी वितरण गर्ने गराउने व्यवस्था गृह मन्त्रालय र सम्बन्धित क्षेत्रीय प्रशासन कार्यालयहरुले मिलाउने ।

४. वाढी तथा डुवान प्रभावित क्षेत्रहरुमा नेपाल प्रहरीका अतिरिक्त प्रहरी महानिरीक्षकहरुलाई खोज, उद्धार तथा राहत वितरणमा प्रभावकारीता ल्याउन तत्काल परिचालन गर्ने साथै नेपाल प्रहरी र सशस्त्र प्रहरीका तालिम प्राप्त थप जनशक्ती परिचालन गर्ने ।

५. वाढी तथा डुवान प्रभावित क्षेत्रमा भत्कीएका तथा डुवानमा परेका घर तथा वस्तीहरुको अध्ययन गरी तत्काल अस्थायी आवास योजना तयार गरी शहरी विकास मन्त्रालयले कार्यान्वयन गर्ने गराउने ।

६. वाढी तथा डुवान प्रभावितहरुलाई तत्काल खाद्यान्न सेट (चामल,दाल,नुन,तेल) बनाई जिल्ला दैवी प्रकोप उद्धार समितिको समन्वयमा वितरण गर्ने व्यवस्था आपूर्ती मन्त्रालयले मिलाउने ।

७. राजमार्ग तथा अन्य सहायकमार्गहरु र सोमा रहेका पुल पुलेसाहरुलाई तत्काल मर्मत गरी भौतिक पूर्वाधार निर्माण तथा यातायात मन्त्रालयले सवारी आवागमन सूचारु राख्ने ।

८. निरन्तरको वाढी तथा कटानबाट क्षति भएका विभिन्न नदी तथा खोलाहरुका तटवन्द तत्काल अस्थायी रुपमा पुनर्निर्माण गर्ने र अन्य जोखिमयुक्त तटवन्दहरुको मर्मत सम्भार गर्ने व्यवस्था सिँचाई मन्त्रालयले मिलाउने ।

९. स्वस्थ्य मन्त्रालयले बाढी तथा डुवान प्रभावित क्षेत्रको जनसंख्याको आधारमा औषधि सहितको स्वस्थ्यकर्मीहरुको टोली तयार गरी पानीजन्य सरुवा रोग नियन्त्रण गर्न तथा अन्य रोगहरु फैलन नदिन स्थलगत रुपमा तत्काल परिचालन गर्ने गराउने ।

१०. खानेपानी तथा सरसफाई मन्त्रालयले बाढी तथा डुवान प्रभावित क्षेत्रका नागरिकहरुलाई स्वच्छ खानेपानीको व्यवस्था मिलाउने ।

११. प्रत्येक स्थानीय तहलाई खोज, उद्धार तथा राहत कार्यमा प्रभावकारी भुमिका निर्वाह गर्न संघीय मामीला तथा स्थानीय विकास मन्त्रालयले समन्वय गर्ने र स्थानीय तहको सम्बन्धित वडा अध्यक्षको अध्यक्षतामा सरोकारवालाहरु सम्मिलित उद्धार तथा राहत वितरण समन्वय समिति गठन गरी तत्काल परिचालन गर्ने व्यवस्था समेत सोही मन्त्रालयले मिलाउने ।

१२. सूचना तथा संचार मन्त्रालयले टेलिफोन टावरहरु मर्मत गरी संचार सेवालाई सुचारु गर्ने गराउने व्यवस्था मिलाउने ।

१३. जिल्ला दैवी प्रकोप उद्धार समितिको समन्वयमा स्थानीयस्तरमा खोज, उद्धार तथा राहत कार्यलाई प्रभावकारी रुपमा संचालन गर्ने गराउने ।

१४. बाढी तथा डुवान प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहत कार्यलाई छिटो छरितो बनाउनका लागि आवश्यकता अनुसार निजी क्षेत्रका हेलिकप्टर लगायतका साधन श्रोत समेत परिचालन गर्ने ।